अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ५ प्रमाणिकरण मितिः२०८२/०१/२८ प्रकाशन मितिः२०८२/०१/२८

## भाग -१

### भजनी नगरपालिका नगर शिक्षा ऐन, २०८१

प्रस्तावना: नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार शिष्टाचार नैतिकता कायम राख्न भजनी नगरपालिकाभित्र सञ्चालन हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयको व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले भजनी नगरपालिकाको नगरसभाले यो " भजनी नगरपालिका नगरशिक्षा ऐन, २०८१ बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "भजनी नगरपालिका नगर शिक्षा ऐन, २०८१" रहेकोछ।

(२) यो ऐन भजनी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अनुमति" भन्नाले यस नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा खोलिएका विद्यालयमा कक्षा थपघट गर्न दिएको स्थायी अनुमतिलाई जनाउँछ

(ख) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा उल्लेखित व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा २२ को प्रयोजनको लागि विद्यार्थीको बाबुआमा, बाजेबज्यै, त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने अधिकार प्राप्त व्यक्तिलाई समेत सम्झनु पर्छ।

(ग) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल केन्द्र देखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।

(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ङ) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(च) “आवासीय विद्यालय” भन्नाले नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(छ) “ऐन” भन्नाले भजनी नगरपालिकाको नगर शिक्षा ऐन, २०८१ र स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ज) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकबाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(झ) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली र कार्यविधिमा तोकिएका नीति नियम सम्झनु पर्छ ।

(ञ) “नगर अनुदान शिक्षक” भन्नाले नगरपालिकाबाट सेवा सुबिधा पाउने नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक बिद्यालयमा कार्यरत निजीश्रोत शिक्षकलाई सम्झनु पर्छ|

(ट) “नगर कार्यपालिका” भन्नाले भजनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ|

(ठ) “नगरपालिका” भन्नाले भजनी नगरपालिकालाई सम्झनु पर्छ ।

(ड) “नगर सभा” भन्नाले भजनी नगरपालिकाको नगर सभा भन्ने सम्झनु पर्छ ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ण) “प्राथमिक विद्यालय” भन्नाले कक्षा १ देखि ५ सम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ|

(त) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(थ) “पूर्वप्राथमिक विद्यालय” भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(द) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ । सो शब्दले सुदूरपश्चिम प्रदेश, सामाजिक बिकास मन्त्रालयलाई समेत सम्झनु पर्छ ।

(ध) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(न) “माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले कक्षा १०(एस ई ई) र कक्षा १२ को अन्तमा हुने परीक्षा सम्झनु पर्छ ।

(प) “विद्यालय” भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(फ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(ब) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, सुस्तश्रवण र बौद्धिक अपाङ्गता वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकारको निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(भ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापकलाई सम्झनुपर्छ।सो शब्दले प्रधानाध्यापक समेतलाई सम्झनु पर्छ|

(म) “शिक्षक किताबखाना” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(य) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

(र) “शिक्षा अधिकारी” भन्नाले भजनी नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

(ल) “शिक्षा शाखा” भन्नाले भजनी नगरपालिकामा रहेको युवा खेलकुद तथा शिक्षा शाखालाई सम्झनु पर्छ ।

(व) “शिक्षा समिति” भन्नाले दफा ९ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(श) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ष) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नगरपालिकाले दिएको स्वीकृति भन्ने सम्झनु पर्छ । सो शब्दले संघीय कानुन बमोजिम लिनु पर्ने स्विकृति समेत जनाउनेछ|

(स) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनुपर्छः

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ह) “सहकारी विद्यालय” भन्नाले नेपाल सरकारबाट स्वीकृति प्राप्त कुनै सहकारी संस्थाले आफैलेवा साझेदारीमा व्यवस्थापन गर्ने गरी प्रचलित कानुन बमोजिम स्वीकृती प्राप्त गरी सञ्चालन गरेको विद्यालय भन्ने सम्झनु पर्छ ।

(क्ष) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(त्र) “सामुदायिक शिक्षक” भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वाअनुदान प्राप्त दरबन्दीमा व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षकसम्झनु पर्छ ।

(ज्ञ) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

(ज्ञ) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ज्ञ१) “संस्थागत विद्यालय” भन्नाले कुनै व्यक्ति वा सहकारी संघसंस्थाद्वारा वा आआफ्नै लगानीमा कम्पनीमा दर्ता भई वा शैक्षिक गुठीको रुपमा नियमानुसार अनुमति वा स्वीकृति लिई सञ्चालन भएका नियम ५ बमोजिमका विद्यालय भन्ने सम्झनुपर्दछ ।

## परिच्छेद -२

## विद्यालय खोल्न,थप कक्षा सम्बन्धि व्यवस्था

**३.विद्यालय खोल्न, कक्षा थप अनुमति लिनुपर्ने :-**

१) नगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा ऐन तथा नियमावली बमोजिम तोकिएको विवरण खुलाई वडा कार्यालयको सिफारिस सहित नगर प्रमुख समक्ष अनुमतिको लागी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारिले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न,कक्षा थप अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्तहरुको पालना गर्ने गरि नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनिको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनि खारेज गरि शैक्षिक गुठि अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा तोकिएको अधिकारिले सो निवेदन उपर आवश्यक जाँच बुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन,कक्षा थप गर्न नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार तोकिएको अधिकारीले अनुमतिदिनेछ ।

(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएका विद्यालयलाई शैक्षिक गुठिको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा निर्माण भएका विद्यालय ,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय ,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन, जग्गा दानदातव्य दिइ सो जग्गा वा भवनमा सञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठि अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठि सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी ) सङ्गठित संस्थाको रुपमा हुनुपर्ने ,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजि गुठी भए कम्तिमा तीन जना गुठियार सदस्य हुनुपर्ने ,

(ग) शैक्षिक गुठिको आय–व्ययको लेखा तोकिए बमोजिमको ढाँचा र प्रचलित लेखाका सिध्दान्तका आधारमा अभिलेख खडा गरि मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठिको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जिवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठिको हकमा त्यस्तो उत्तरिधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

७) कुनै सामाजिक, परोपकारि वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठि अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९) कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरि कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिईने छैन । तर नेपाल सरकार संग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि नगरपालिकाले अनुमतिकालागि मनासिव देखेमा अनुमति दिन सक्नेछ ।

१०) प्राविधिक शिक्षा संचालन गर्ने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

११) सहकारी विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२) विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. परीक्षा सञ्चालन र व्यवस्थापन:-**

नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५. माध्यमिक शिक्षाको प्रकार :-** माध्यमिक शिक्षामा देहायका प्रकार हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा ,

(ख) संस्कृत माध्यमिक शिक्षा ,

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

**६. विशेष शिक्षा, समावेशि शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षातथा खुला शिक्षा सञ्चालनसम्बन्धि व्यवस्था:**नगरपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरि विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यम:-**

(१) विद्यालयमा नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा प्रयोग हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:-

क) आधारभूत तह सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली बिषयको सट्टामा तोकिएका अन्य कुनै भाषाको बिषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोहि भाषा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषाको माध्यमबाट नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :-**

क) सामुदायिक तथा सस्थागत विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरि अध्ययन अध्यापन गराउनु पर्नेछ।

(ख) संस्थागत विद्यालयहरुको हकमा पाठ्यपुस्तक परिवर्तन गर्दा नगर शिक्षा समितिको अनिवार्य स्विकृती लिनुपर्नेछ।

(ग) संस्थागत विद्यालयहरुले निरन्तर कम्तिमा तीन शैक्षिक सत्र सम्म पुरा नभई पाठ्यपुस्तक परिवर्तन गर्न पाइने छैन ।

**९. नगरशिक्षा समिति: (१)नगर शिक्षा समितिको गठन देहाय अनुसार हुनेछ ।**

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उपप्रमुख – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको नगरसभाका सदस्यहरुमध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना – सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरकार्यपालिकाले मनोनित गरेको एक जना – सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना महिला सहित दुई जना – सदस्य

(छ) सस्थागत विद्यालयका संस्थापक वा प्रधानाध्यापकहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना – सदस्य

(ज) शिक्षाप्रेमीहरुमध्येबाट नगरशिक्षा समितिलेमनोनित गरेका कम्तीमा एक जना – सदस्य

(झ) अपांग,पिछडा वर्ग,अल्पसख्यक र दलितहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना– सदस्य

(ञ) **शिक्षा अधिकारी** वा **शिक्षा अधिकारी**को काम गर्न तोकिएको व्यक्ति - सदस्य सचिव ।

(ट) नेपाल शिक्षक महासंघका अध्यक्ष वा महासंघले तोकेको प्रतिनिधिलाई नगर शिक्षा समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(ठ) नगर शिक्षा समितिकापदेन बाहेकका सदस्यहरुको कार्यकाल २ वर्षको हुनेछ ।

(२) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदिय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ।तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

**१०. नगर शिक्षा समितिको काम,कर्तव्य र अधिकार:** नगर शिक्षासमितिको काम,कर्तब्य,अधिकार र बैठक सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## शिक्षा अधिकारी तथा शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार

**११. शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकारः- शिक्षा अधिकारीको** काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) ऐन र कार्यविधि बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए, नभएको र निर्धारित स्तर बमोजिम पठन पाठन भए नभएको र समग्र शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक–अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न लगाउने,

(ख) नगर कार्यपालिकाको निर्देशन बमोजिम विद्यालय निरीक्षण सम्बन्धी प्रतिवेदन पेश गर्ने,

(ग) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकारवालाहरूसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

(घ) नमुना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोष्टर (समूह) तयार गर्ने र समय–समयमा प्रधानाध्यापक सहित शिक्षकको बठैक बोलाइ शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने,

(ङ) शिक्षक तथा विद्यालय कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा शाखामा अभिलेखीकरण गर्ने,

(च) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजन गर्नेगराउने,

(छ) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालन गर्नेगराउने,

(ज) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्नेगराउने,

(झ) आफ्नो क्षेत्र भित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने,

**१२. शिक्षाअधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) प्रत्येक दुई महिनामा आफ्नो निरीक्षण क्षेत्र भित्रका सवै विद्यालयमा कम्तिमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने र निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

(ख) शिक्षकलाई तालिमको लागि सिपफरिस गर्ने र तालिम प्राप्त शिक्षकको सीपको प्रयोग भए नभएको यकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,

(ग) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(घ) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) विद्यालयका शिक्षक तथा कर्मचारीको विदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

(च) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी विदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई प्रचलित कानुन बमोजिम कारबाही प्रकिया बढाउने,

(छ) आ आफ्नो क्षेत्रभित्र सञ्चालन गरीएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा र दिवा खाजा नियमितरूपमा निरीक्षण तथा अनुगमन गरी अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने,

(ज) संस्थागत तथा धार्मिक प्रकृतिका विदालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने, पुरस्कार र दण्डको लागि नगरपालिका समक्ष सिपफरिस गर्ने।

(झ) जीवन पर्यन्त शिक्षा र जीवन उपयोगी शिक्षाको उचित प्रवन्ध गर्ने गराउने।

(ञ) नगरपालिकाले शिक्षा सम्बन्धी प्रत्यायोजित कार्य गर्ने ।

(ट) महिनामा कम्तिमा एक पटक प्रधानाध्यापक बैठक सञ्चालन गर्ने । शैक्षिक सुधारका लागि प्रत्येक विद्यालय लाई कार्ययोजना बनाउन लगाई कार्यान्वियन गर्न लगाउने । बैठकमा प्रधानाध्यापकहरूबीच उत्तम अभ्यासहरूको अनुभव आदान प्रदान गर्ने परिपाटी बसाल्ने ।

(ठ) प्रधानाध्यापक बैठकमा विद्यालयगत रूपमा सिकाइ उपलब्धिको मौजुदा अवस्थाको विश्लेषण गर्न लगाउने । मौजुदा सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रत्येक विद्यालयलाई सिकाइ उपलब्धिको लक्ष्य निर्धारण गरी सो प्राप्तिका लागि व्यावहारिक रणनीति समेत तयार गरी कार्यान्वियन गर्न लगाउने।विद्यालयगत लक्ष्यर रणनीतिको एक प्रति स्रोतकेन्द्रमा राख्ने। विद्यालयको सुपरिवेक्षण तथा अनुगमनको त्रफ्ममा सो को कार्यान्वियनको समीक्षा गर्ने।

(ड) नगरपालिका अन्तर्गतका विद्यालयको भवन, शौचालय, खेल मैदान आदि सबै देखिने गरी रङ्गीन फोटो सहितको नगरपालिका प्रोफाइल तयार गर्ने । तोकिएको ढाँचामा विद्यालयबाट तथ्याँक संकलन तथा विश्लेषण गरी नगर स्तरीय सारांश तयार गरी सोको प्रवोधीकरण गर्ने,

(ढ) प्रत्येक महिना नगरपालिका अन्तर्गतका कम्तिमा ५ वटा विद्यालयकोसुपरीवेक्षक कार्य गर्ने ।

(ण) सुपरिवेक्षण तथा अनुगमन भएका विद्यालयमा नमुना पाठ प्रदर्शन गर्ने गराउने ।

(त) नगरपालिका अन्तर्गतका विद्यालयहरूको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा वर्षमा कम्तिमा २ पटक परिवेक्षकका रूपमा भाग लिइ विद्यालयको व्यवस्थापकीय पक्षमा सुधारमा सल्लाह सुझाव दिने ।

(थ) विद्यालयको सुपरिवेक्षण तथा अनुगमनका क्रममा प्रधानाध्यापकर शिक्षकहरूसँग विद्यालयको व्यवस्थापकीय पक्ष, गुणस्तरीय पठनपाठन, बालमैत्री कक्षाकोठा व्यवस्थापन, बालकेन्द्रित शिक्षण सिकाइ आदिका विषयमा अन्तरक्रिया गर्ने। साथै अघिल्लो पटक दिइएको सुझावतथा पृष्ठपोषणको कार्यान्वियन प्रगतिका सम्बन्धमा कार्यान्वियन गराउने ।

(द) शैक्षिक सत्र शुरु भएको एक महिनाभित्र विद्यालयगत रूपमा गत शैक्षिक सत्रको कक्षा १–१० सम्मको परीक्षाफलको नतिजा विश्लेषण गर्ने।प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको उपस्थितिमा आवश्यकता अनुसार सल्लाह सुझाव र पृष्ठपोषण दिने ।

(ध) बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि रचनात्मक कार्यहरू गर्न विद्यालयमा भयरहित, सजायरहित, बालमैत्री वातावरण सुनिश्चित गर्ने र बालक्लवहरूलाई सक्रिय बनाउने जस्ता कार्यमा प्रधानाध्यापक/ शिक्षकहरूलाई सशक्त बनाउने ।

(न) विद्यालय सुधार योजनालाई विद्यालयको वास्तविक आवश्यकतासँग मेल खाने गरी निर्माण तथा अद्यावधिक गर्न लगाई सोको प्रभावकारी कार्यान्वियन गराउने। प्रत्येक विद्यालयको एक/ एकप्रति विद्यालय सुधार योजना शिक्षा शाखामा राख्ने ।

(प) आर्थिक अनुशासन सुनिश्चित गर्नका लागि प्रत्येक विद्यालयले जिल्ला शिक्षा विकास तथा समन्वय इकाई तथा अन्य सरकारी तथा गैर सरकारी निकायहरू र विद्यालयको आफ्नै स्रोतबाट प्राप्त आम्दानी र खर्चको विवरण विद्यालयको देखिने स्थानमा भित्तामा टाँस्न लगाउने र विद्यालय व्यवस्थापन समितिको निर्णयबाट मात्र खर्च गर्ने व्यवस्था अनिवार्य रूपमा मिलाउने।विद्यालयमा आर्थिक लेखा परिक्षणलाई अनिवार्य गराउने । सोको समीक्षा गर्ने परिपाटी गर्ने वा बसाल्ने ।

(फ) आ-आफ्नो कार्य अभ्यासमा थप सुधार गर्नका लागि प्रत्येक वर्षमा कम्तिमा एक वटा कार्यमूलक अनुसन्धान गरी प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने ।

(ब) विद्यालयहरूको सुपरिवेक्षण तथा अनुगमनको त्रफममा देखिएका शैक्षिक समस्याहरूको समाधानका लागि विषयगत शिक्षकहरूको बठैक बोलाइ छलफल गराइ समाधान गर्ने व्यवस्था गर्ने गराउने ।

(भ) शिक्षा अधिकारीले तोकेबमोजिमका अन्य कार्य गर्ने र गराउने

**१३.वडा समितिको काम, कर्तव्य र अधिकारः वडा समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विद्यालय सेवा क्षेत्र निर्धारण गर्ने ।

(ख) नयाँ विद्यालय खोल्ने अनुमतिको निवेदन साथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्य सहित सक्कलै कागजात नगरपालिकामा सिफारिस गर्ने ।

(ग) विद्यालय बन्द गर्न, गाभ्न तथा कक्षा थपका लागि सिफारिस गर्ने ।

(घ) अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

(ङ) वडा क्षेत्र भित्र सञ्चालित विद्यालयको अनुगमन रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने ।

(च) विद्यालय नक्सांकन (स्कुल जोनि) को पूर्वाधार सहित विद्यालय भर्ना भएका बालबालिकाको विवरण अध्यावधिक गर्ने ।

(छ) नगरपालिका र शिक्षा समितिबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ।

**१४. नगर शिक्षा अनुगमन समिति:** नगर पालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अनुगमन गर्न तपसिल अनुसारको अनुगमन समिति रहनेछ ,

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उप प्रमुख –सदस्य

(ग ) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ ) सम्बन्धित वडाका वडा अध्यक्ष –सदस्य

(ङ) शिक्षा अधिकारी वा शिक्षा अधिकारीको काम गर्न तोकिएको व्यक्ति– सदस्य सचिव ।

(२) अनुगमन समितिले आवश्यकता अनुसार शिक्षाविज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) नगर शिक्षा अनुगमन समितिको काम, कर्तव्य, अधिकारतोकिए बमोजिम रहनेछ ।

## परिच्छेद - ४
## शिक्षक सरुवा, बढुवा, सेवा सुबिधा सम्बन्धी व्यवस्था

**१५. शिक्षक सरुवा सम्बन्धी व्यवस्था:**

(१) अन्यत्र स्थानीय तहको सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा रिक्त रहेको दरबन्दीमा सरुवा हुन तोकिएको अधिकारी समक्ष तोकिएबमोजिम निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन दिने शिक्षकलाई संघीय ऐन अनुसार तोकिएको अधिकारीले सरुवा गर्न सक्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक अन्यत्र स्थानीय तहको सामुदायिक विद्यालयको तह र विषय मिल्ने स्थायी शिक्षक पदमा सरुवा भै जाने व्यवस्था सरुवा भई जान चाहेको स्थानीय तहको कानुन बमोजिम हुनेछ ।

(४) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी, करार ,राहत अनुदान,संघिय अनुदान, प्रदेश अनुदान, नगर अनुदान,नीजिश्रोत शिक्षक, वाल विकास सहजकर्तालाई नगरपालिका क्षेत्र भित्र समान दरबन्दी, तह र विषय मिल्नेगरी नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले सरुवा गर्न सक्नेछ|त्यसरी सरुवा गर्दा फरक क्षमता भएका शिक्षक र महिला शिक्षकलाई अपायक पर्ने गरी सरुवा गरिने छैन, गर्नैपर्ने भएमा स्पष्ट कारण खुलाउनु पर्नेछ ।

(५) एउटै सामुदायिक विद्यालयमा निरन्तर तीन वर्ष सम्म कार्यरत शिक्षकलाई शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले सरुवा वा कामकाजमा खटाउन सक्नेछ । विशेष परिस्थितिमा कुनै शिक्षकलाई सरुवा गर्नु पर्ने भएमा सरुवा गर्नुको स्पस्ट कारण खुलाई जुनसुकै बखत सरुवा गर्न सक्नेछ ।

**१६. सामुदायिक सिकाई केन्द्र:**

नगरपालिकाले समुदायमा साक्षरता, सीप बिकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम समुदायमा आधारित सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१७. अध्ययन अनुमति पत्र सम्बन्धि व्यवस्था:**

(क) सामुदायिक विद्यालयमा नियुक्त हुन तोकिए बमोजिमको अध्यापन अनुमति पत्र लिएको व्यक्तिमात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

(ख) संस्थागत बिद्यालयमा नियुक्त हुने शिक्षकहरुका लागी अध्यापन अनुमति पत्र लिएको हुनुपर्नेछ ।

(ग) स्वयंम सेवक शिक्षक सम्बन्धी व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## शिक्षण सिकाइ अनुदान सम्बन्धी व्यवस्था

**१८. अनुदानको व्यवस्था:**

(क) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शर्तको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ ।

(ख) नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

(ग) उपदफा (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर भित्रका आन्तरिक स्रोत बाट नियुक्त भएका शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

**१९. नगर शिक्षक सम्बन्धी व्यवस्था:**

(१) नगरपालिकाले शिक्षा क्षेत्रमा सुधारका लागी आवश्यकता अनुसार नगर शिक्षकको व्यवस्था गर्न सक्नेछ । यो ऐन आउनु भन्दा पुर्व सामुदायिक बिद्यालयले नीजिश्रोतबाट सेवा सुविधा पाउने गरी नियुक्त गरेका शिक्षकलाई नगर अनुदान शिक्षकको रुपमा नियुक्ति दिनुपर्नेछ|

(२)नगर शिक्षकको नियुक्ती तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न नगरपालिकाले नगर शिक्षक व्यवस्थापन कार्यविधि निर्माण गरी कार्य गर्नेछ ।

(३) नगर शिक्षण सिकाई अनुदानबाट सेवा सुबिधा प्राप्त गर्ने शिक्षकलाई विस्थापित गर्ने गरी कुनै पनि कार्यविधि ल्याइने छैन ।

(४) नगर शिक्षकको सेवा सुबिधा शिक्षण सिकाइ अनुदान कार्यविधि वा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२०. **छात्रवृत्तिको व्यवस्था:** नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विधार्थीलाई तोकिएबमोजिम छात्रवृतिको व्यवस्था गर्न सकिनेछ ।

(क) संस्थागत विद्यालयलेआधारभूत तह देखि माध्यमिक तह सम्म विद्यालयमा भर्ना भएका कुल विधार्थी संख्याको कम्तिमा १०% (दश) नघट्ने गरी नगरपालिका बाट छनौट भएका विधार्थीलाईभर्ना गरि विपन्न, महिला , आदिवासी, जनजाति, दलित, फरक क्षमता भएका, लोपोन्मुख जाति, मुक्त कमैया, मुक्त कम्लहरी, मधेशी, मुस्लिम र जेहेन्दार विधार्थीलाई तोकिए बमोजिम छात्रवृति उपलब्ध गराउनु पर्नेछ । विद्यार्थीको छनौट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ख) नगर क्षेत्र भित्रका प्राविधिक तथा साधारण उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि उच्च शिक्षा अध्ययन छात्रवृती नगरपालिकाले दिन सक्नेछ ।

२१. **प्रारम्भिक बाल शिक्षा सम्बन्धि व्यवस्था:** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ । समुदायमा आधारीत बाल बिकास केन्द्रको संचालन तथा रेखदेख तोकिए बमोजिम हुनेछ|

२२. **विद्यालय व्यवस्थापन समिति:**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागी प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:

(क) अभिभावकहरुमध्येवाट छानी पठाएका कम्तिमा दुईजना महिला सहित चारजना– सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले वडा सदस्यहरु मध्ये बाट मनोनयन गरेको एकजना– सदस्य

(ग) शिक्षाप्रेमी,चन्दादाता, संस्थापक वा विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिलासहित दुईजना– सदस्य

(घ) विद्यालय शिक्षक/ कर्मचारीले आफुहरु मध्यबाट छानि पठाएको एकजना– सदस्य

(ङ) विद्यालय प्रधानाध्यापक– सदस्य सचिव

(२) उपदफा (१) को (क) अनुसार छनौट भएका सदस्य मध्येवाट छानेको एक जना– अध्यक्ष

(३) विद्यालय व्यवस्थापन समितिको गठन सहमतिय प्रकृयाबाट गरिनेछ, अध्यक्ष पदका लागि सहमति हुन नसकेको अवस्थामा अध्यक्ष पदका प्रत्यासी उम्मेद्वारहरुको नाम विद्यालयले नगर शिक्षा समितिमा सिफारिस गर्नुपर्नेछ, त्यसरी सिफारिस भई आएका उम्मेद्वारहरुमध्ये संघिय शिक्षा ऐन अनुसारको अवधिको लागि शिक्षा समितिले अध्यक्ष तोक्नेछ |

(४) विद्यालयस्तरीय बालक्लबका एक जना प्रतिनिधिलाइ विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा २०(बिस) प्रतिशत सदस्यहरु फरक क्षमता भएका व्यक्तिका अभिभावकहरु सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिएको एक महिना भित्र नयाँ व्यवस्थापन समितिको गठन गरिनेछ|

(७) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) विद्यालय व्यवस्थापन समितिको बैठकमा शिक्षा अधिकृतलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ |

२३. **संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन:** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानिकर्ताहरु मध्यबाट एक जना- अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानिकर्ताहरु मध्यबाट समितिले मनोनित गरेका एक जना महिला - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना- सदस्य

(घ) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना- सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरु मध्यबाट छानी पठाएको एकजना प्रतिनिधि- सदस्य

(च) सम्बन्धित विद्यालय हेर्ने शिक्षा अधिकृत- सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) सम्बन्धित वडाका वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

(३) संस्थागत विद्यालयलाई नगरकार्यपालिकाले निश्चित मापदण्ड तोकि बर्गिकरण गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

२४. **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम , कर्तव्य र अधिकार :** सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) विद्यालयसञ्चालनकोलागिप्राप्तसाधनरस्रोतकोपरिचालन गर्ने ,

(२)विद्यालयकोचल, अचलसम्पत्तिकोलगतराख्नेरराख्नलगाउनेरसुरक्षागर्ने ,

(३) विद्यालयकोशैक्षिक, भौतिकतथाआर्थिक तथ्याङ्करविवरणअध्यावधिकगराईराख्ने ,

(४) विद्यालयकोबार्षिकबजेटस्वीकृतिगर्नेरत्यसकोजानकारीनगरपालिकालाईदिने ,

(५) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक, साम्प्रदायिक वा राजनैतिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(६) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने गराउने ,

(७) विद्यालयमा आवश्यक पर्ने अध्यापक अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक काममा लगाउने ,

(८) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारिलाई हाजिर गराई काममा लगाउने,

(९) नगरपालिकाले तोकेको रजिष्टर्ड लेखापरिक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(१०) लेखा परिक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्नेरत्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(११) नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,

(१२) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरि नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको सेवा र सुविधा व्यवस्था गर्ने,

(१३) विद्यालयले गरेका बार्षिक क्रियाकलापको सामाजिक परिक्षण गराउने ,

(१४) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पुर्वाधार बिकासका लागि गुरुयोजना बनाई पेश गर्ने ,

(१५) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ,

(१६) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने।

(१७) विद्यालयको हित विपरित कार्य गर्ने वा विद्यालयको आचारसंहिता उल्लङ्घन गर्ने प्रधानाध्यापक,शिक्षक, कर्मचारीलाई आवश्यक कारबाहीका लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने ।

२५. **संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार, नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृति सन्दर्भ स्रोत सामाग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने ,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्युनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरीत कार्य गर्ने शिक्षाक/ कर्मचारिलाई तलब नदिने,

(ञ) शिक्षा ऐन तथा नियमावलि तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्र संग सम्बन्धित सबै नियम, निति तथा निर्देशनहरुको पालना गर्ने,

(ट) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ,

(ठ) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

२६.बिद्यालय व्यबस्थापन समितिको अन्य काम,कर्तव्य,अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. सहकारी बिद्यालय व्यबस्थापन समितिको गठन, काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

२८. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन जुन तहको विद्यालय छ सोही तह उत्तिर्ण गरेको हुनु पर्नेछ । अध्यक्ष र सदस्य हुन् पाउने वा नपाउने सम्बन्धी व्यवस्था संघिय शिक्षा ऐन अनुसार हुनेछ ।

२९. **बिद्यालयको कोष, सार्वजनिक सुनुवाई र लेखापरीक्षण सम्बन्धी व्यवस्था:** विद्यालयको कोष संचालन तोकिए बमोजिम हुनेछ । सम्पूर्ण विद्यालयले प्रत्येक शैक्षिक सत्रमा विद्यालयले आय-व्ययको सार्वजनिक सुनुवाई गर्नु पर्नेछ|नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा प्रचलित नियम अनुसार दर्ता भएका,शिक्षा युवा तथा खेलकुद शाखाबाट तोकिएका लेखापरिक्षकबाट सम्पूर्ण सामुदायिक विद्यालयले लेखा परिक्षण गर्नु पर्नेछ । तोकिएको समय अवधिमा लेखा परिक्षण नगर्ने विद्यालयलाई प्रचलित कानुन बमोजिम नगरपालिकाबाट प्रदान गरिने अनुदान रोक्का गरिनेछ ।

३०. **बिद्यालय व्यबस्थापन समिति बिघटन गर्न सकिने:** (१) कुनै बिद्यालयको व्यबस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष सहित नगर शिक्षा अनुगमन समिति मार्फत् नगर शिक्षा समितिमा पेश भएमा नगर शिक्षा समितिले उक्त प्रतिबेदन उपर छानबिन गर्नेछ । नगर शिक्षा समितिको छानबिनले समेत तोकिएको जिम्मेबारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले कार्यपालिका समक्ष उक्त बिद्यालय व्यबस्थापन समिति बिघटन गर्न सिफारिस गर्नेछ । नगरपालिकाले त्यस्तो विद्यालय व्यबस्थापन समिति तोकिएको प्रक्रिया पुर्याइ बिघटन गर्न सक्नेछ। तर त्यसरी बिघटन गर्नु अघि बिद्यालय व्यबस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिद्यालय व्यबस्थापन समिति बिघटन भएपछि अर्को बिद्यालय व्यबस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले बिद्यालय व्यबस्थापन समिति गठन नभएसम्म बिद्यालय व्यबस्थापन समितिको काम गर्न नगर कार्यपालिकाले अस्थायी बिद्यालय व्यबस्थापन समिति गठन गर्नसक्नेछ ।

(३) बिद्यालय रहेको वडाको वडा अध्यक्षको अध्यक्षतामा वडा सदस्यहरु, प्रधानाध्यापक,शिक्षक प्रतिनिधि रहने गरी बढीमा ७(सात) जना सदस्य भएको अस्थायी बिद्यालय व्यबस्थापन समिति गठनहुनेछन |

(४) अस्थायी बिद्यालय व्यवस्थापनको कार्यकाल विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म हुनेछ |

३१. **बिद्यालयको बिनियमावली:**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक बिद्यालयले बिद्यालयकोलक्ष्य,मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक बिषय बस्तु समाबेश गरिएको संस्थागत बिद्यालयले बिधान, प्रवन्ध पत्रर सामुदायिक बिद्यालयले बिनियमावली बनाई अनिवार्य लागू गर्नु पर्नेछ ।

(२) अभिभाबक सभाले बिधान/बिनियमावली आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। तर संस्थागत बिद्यालयको हकमा शिक्षा ऐन, कम्पनि ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले बिधान संसोधन गर्नसक्नेछ ।

(३) बिधान/बिनियमावली अनुसार बिद्यालय सञ्चालन गर्नु व्यबस्थापन समिति, प्रधानाध्यापक/प्रबन्धक लगायत अन्य सबैको कर्तब्य हुनेछ।

(४) विद्यालयको बिधान/बिनियमावलीमा शंशोधन भएमा शंशोधित विधानको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५(पन्ध्र) दिनभित्र व्यबस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) बिद्यालयको बिधान/बिनियमाबली सार्बजनिक दस्ताबेज हुनेछ र सो दस्ताबेज सबैले हेर्न पाउनु पर्नेछ।

३२. **नगरपालिका शिक्षा बिकास कोष:**

(१) सामुदायिक बिद्यालयको भौतिक पूर्वाधार बिकासमा सहयोग पुर्याउन तथा त्यस्ता बिद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा बिकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक बिकास कोषको रकम,

(ङ) संस्थागत बिद्यालयबाट प्राप्त बिद्यालयको बार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम ,

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

३३. **नगरपालिका शिक्षा बिकास कोषको** सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

३४. **नगरपालिकाले निर्देशन दिन सक्ने:-** (१) नगरपालिकाले बिद्यालय व्यबस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु दिन सक्नेे।

(२)उपदफा (१)बमोजिम दिइएको निर्देशनको पालना गर्नु बिद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

३५.**नगर कार्यपालिकाले बिद्यालयसार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:**

(१) नगर कार्यपालिकाले नगर शिक्षा समितिको सिफारिस र स्वीकृत मापदण्डको आधारमा हाल सञ्चालनमा रहेका कुनै बिद्यालयलाई बिद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्या,भौगोलिकतथा सामाजिक अवस्थाकाआधारमा कार्यपालिकाले एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढि बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्नवा कुनै बिद्यालयको कुनै तह घटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्द गर्न वा बिद्यालयको नाम परीवर्तन गर्न वा बिद्यालय बन्द गर्न, समायोजन गर्न, तोकिएको ठाउँ वा क्षेत्रमा बिद्यालय खोल्न वा बिद्यालयमा कक्षा थप गरी वा सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्नेछ। यदि कुनै कारणवश विद्यालय गाभिएको अवस्थामा आन्तरिक स्रोतबाट नियुक्त भएका कार्यरत शिक्षक तथा कर्मचारीहरुको व्यवस्थापन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर शिक्षा समितिले आवश्यक ठानेमा विद्यालय गाभ्न, तह मिलान गर्न कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

३६. **प्रधानाध्यापक सम्बन्धि व्यवस्था**:

(१) शिक्षकको जेष्ठता,स्थायी शिक्षक, सिकाइ उपलब्धि,योग्यताको आधारमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा प्रधानाध्यापकको नियुक्ति नगर शिक्षा समितिले गर्न सक्नेछ| प्रधानाध्यापक नियुक्ति सम्बन्धी व्यवस्था प्रचलित ऐन कानुन बमोजिम हुनेछ |

(२) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृतगरे बमोजिमको संख्यामा कर्मचारीको दरवन्दी रहनेछ ।

(३) उपदफा (२) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्तिको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७.**बिद्यालयको सम्पत्ति:** (१) सामुदायिक बिद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्विकृति रद्द गरिएको वा कुनै बिद्यालयमा गाभिएको सामुदायिक बिद्यालयको सम्पत्ति नगर शिक्षा समितिको निर्णयअनुसार व्यबस्थापन हुनेछ ।

(२) शैक्षिक गुठी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत बिद्यालयको सम्पत्ति सोही बिद्यालयको नाममारहनेछ।कुनै बिद्यालय सार्वजनिक शैक्षिक गुठी वा सहकारी बिद्यालयको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो बिद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत बिद्यालयको सम्पत्ति सोहि कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत बिद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्नेछ।तर बिदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पती नेपाल सरकार वा नगरपालिकाको स्विकृति बेगर बेचबिखन गर्न पाईने छैन।

(६)सामुदायिक बिद्यालयको हकभोगमा रहेको जग्गाको ठेक्कापट्टा प्रचलित कानुनको अधिनमा रही नगरपालिका मार्फत गरिनेछ र सो वापतको प्राप्त राजस्व रकम सम्बन्धी विद्यालयको खातामा जम्मा गरिनेछ । **बिद्यालयको सम्पत्ति**बाट प्राप्त राजस्व खर्च सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८.**बिद्यालयलाई छुट र सुबिधा:** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक बिद्यालय र सहकारी तथा शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत बिद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न र विद्यालय स्रोतवाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/ कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतबाट निर्माण गरेका आयआर्जन हुने सम्पत्ति जस्तै माछा पोखरी, सटरहरु आदिको विविध कर,सम्पति कर र दस्तुर छुट हुनेछ । तर यस्ता कार्य गर्दा नगरपालिकावाट स्वीकृति लिनु पर्नेछ ।

(३) सामुदायिक विद्यालयहरुले भवन निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकावाट नक्सा पास गरी भवन निर्माण अनुमति प्राप्त गर्नु पर्नेछ ।यसरी नक्सा पास गर्दा लाग्ने नक्सापास दस्तुर छुट हुनेछ ।

(४) सामुदायिक विद्यालय र शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

३९. **अनुमति वा स्वीकृति रद्द गर्ने:** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरेकोअनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४०. **विद्यालयको वर्गीकरण:** विद्यालयलाई संघिय शिक्षा ऐनमा तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

४१. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमका अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४२. **शुल्क सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाकालागी सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन, आन्तरिक व्यवस्थापन गर्न नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले व्यवस्थापन तथा तलव भत्ताका लागि आवश्यक अनुदान दिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछन् ।

(३) सबै वालवालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागी नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको बिद्यालय बाहेकको अन्य बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थिसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) बिद्यालयले बिद्यार्थिलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही बिद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि पुन: भर्ना शुल्क लिन पाउने छैन।

(६) बिद्यालयले बिद्यालयको भैतिक संरचना निर्माण गर्नको लागि बिद्यार्थिसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत बिद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिए बमोजिम हुनेछ ।

(८) सहकारी बिद्यालयले बिद्यार्थीसँग लिन पाउने शुल्क तोकिए बमोजिम हुनेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने बिद्यालयलाई उक्त शुल्क फिर्ता गराई शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले एक लाख रुपैयाँसम्म जरिवाना गर्नसक्नेछ ।

**४३.शिक्षकको पेशागत महासंघ सम्बन्धी व्यबस्था:** सामुदायिक बिद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिमको नगर शिक्षक महासंघ रहनेछ ।

**४४.शिक्षक तथा कर्मचारीको पदीय आचरण सम्बन्धी व्यबस्था:** शिक्षक वा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

**४५. स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक बिद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दिईने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४६. शैक्षिक योग्यता:** बिद्यालयको शिक्षकको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**४७. शिक्षक बिद्यार्थिको अनुपात:** नगरपालिकाले प्रत्येक बिद्यालयमा नियमित अध्ययन गर्ने बिद्यार्थी संख्या र बिषयका आधारमा तोकिए बमोजिम बिद्यार्थी तथा शिक्षकको अनुपात कायम हुनेछ ।

**४८. शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक बिद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्न वा बिद्यालय प्रशासन सम्वन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बिद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्टिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकिएको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४९. निलम्बन तथा पुन: बहाली हुन सक्ने:** (१) दफा ३७ मा उल्लेख भएका कुनै पनि कसुरमा सम्वन्धित अदालतमा अभियोग पत्र दायर भएमा स्वत: निलम्बन भएको मानिनेछ ।

(२) दफा (४४)मा उल्लेख भएका कुनै वा केही आरोप़मा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्वहाली हुन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनर्वहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनर्वहालीभएको मितिसम्मको तलब, भत्ता र तलब बृद्धि समेत पाउनेछ ।

**५०. शिक्षकको नियुक्ति:** बिद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**५१. शिक्षक पदपूर्ति सम्बन्धी व्यवस्था :-**

(१) सामुदायिक विद्यालयमा राहत शिक्षक, संघीय अनुदान, बाल विकास शिक्षक र कर्मचारी वा नगरपालिकाको श्रोतबाट पारिश्रमिक भुक्तानी हुने शिक्षक/ कर्मचारी दरबन्दी रिक्त भएमा विद्यालयले आवश्यक काजपत्र सहित शिक्षा शाखामा निवेदन दिनु पर्नेछ, उक्त शिक्षक/ कर्मचारी पदको नगरपालिकाले विज्ञापन गर्नेछ । अस्थायी / करार शिक्षक पदपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम रहनेछ।

(२) विषय बिज्ञ शिक्षा युवा तथा खेलकुद शाखाले गोप्य रुपमा तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम र परिक्षा प्रणाली बमोजिम खुला प्रतियोगितात्मक परिक्षा संचालन गरि शिक्षक छनोट गर्नु पर्नेछ।

(४) पदपूर्ति समितिले सामान्य परिक्षा,विषयगत परिक्षा र अन्तरबार्ता संचालनको लागि आधारभूत विद्यालय(१-८) को लागि सम्बन्धित विषयमा स्नातक र माध्यमिक बिद्यालय(९-१२) को लागि सम्बन्धित विषयमा स्नाकत्तोर

योग्यता भइ सामुदायिक विद्यालय वा क्याम्पसको स्थायी शिक्षक पद वा सरकारी सेवाको अधिकृत स्तरको पदमा कार्यरत कम्तिमा दुई जना सुचिकृत विषय विज्ञलाई शिक्षा तथा युवा शाखाले गोप्य रुपमा आमन्त्रण गरी परिक्षा र अन्तरबार्ता सम्बन्धि काम गराउनेछ।

(५) पदपूर्ति समितिको बैठक तथा परिक्षा संचालन सम्बन्धी काम, कर्तब्य तथा अधिकार र अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ।

५२. **दरवन्दी मिलान:**तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको बिद्यालयबाट कम दरवन्दी भएको बिद्यालय मा नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले तोकिएको प्रकृया पुरा गरी दरवन्दी मिलान गर्न सक्नेछ।

५३. **तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने:-** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक/ कर्मचारीले अनुपस्थित अवधिको तलव, भत्ता पाउने छैन ।

५४. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयवाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

५५. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स,भाषा शिक्षण कक्षा वा पुर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. **प्रगति विवरण बुझाउनु पर्ने:** बिद्यालयले प्रत्येक चौमाषिक,बार्षिक रुपमा तोकिए बमोजिमका विबरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ।

५७. **पुरस्कार सम्बन्धी व्यवस्था : (१)** नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारीलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

(२) नगरपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्नेछ ।

५८. **दण्ड सजाय सम्बन्धी व्यवस्था:** (१) कसैले बिद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रु. एक लाख रुपैयाँ सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारिको स्वीकृती बिना प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पुर्व तयारि कक्षा सञ्चालन गरेमा,

(झ) कानुन बिपरितको अन्य कार्य गरेमा,

(ञ) आधारभूत तह र माध्यमिक तहका सामुदायिक बिद्यालयमा कक्षा ८(आठ) वा SEE वा कक्षा १२(बाह्र)को परीक्षाफल निरन्तर २(दुइ) शैक्षिक सत्र सम्म शुन्य आएमा तोकिए बमोजिम कारबाही हुनेछ ।

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा बिद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागे सम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम बिभागिय सजाय दिईनेछ ।

५९. **मुद्दा हेर्ने अधिकारी:-** यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सजाय गर्ने अधिकार प्राप्त प्रमुखलाई हुनेछ ।

६०.**पुनरावेदन:-** प्रमुखले गरेको सजायको आदेशउपर सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

६१.**नियम बनाउने अधिकार:-** (१) यस ऐनको उदेश्य कार्यान्वियन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वियनको लागि नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

६२. **संक्रमणकालिन व्यवस्था :-** (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर शिक्षा समितिको सिफारिस मा नगरकार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरवन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति तोकिए बमोजिम हुनेछ ।

६३. **अधिकार प्रत्यायोजन:** यस ऐन बमोजिमका अधिकारहरुको प्रयोग सम्बन्धमा तोकिए बमोजिम प्रत्यायोजन गर्न सकिनेछ ।

६४. **बाधा अडकाउन फुकाउने अधिकार:** यस ऐनको उदेश्य कार्यान्वियन गर्न कुनैबाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

६५. **बचाउ र लागु नहुने :-**

(१) यो ऐनमा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिए पनि बिद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधान,संघिय कानून सँग बाझिएमा यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत:निष्क्रिय हुनेछ ।

(४) साझा अधिकारका सम्बन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(५) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत